# <खोप लगाए पछि अनौठो प्रतिक्रियाहरूको बारेमा जानकारी> (네팔어)

## यस्तो अवस्थामा, यसो गर्नुहोस् ।

· खोप लगाए पछि खोप लगाएको भागमा सुन्निएको वा दुखाई छ भने, सफा सुख्खा रुमाल राख्नुहोस् र त्यस माथि चिसो कम्प्रेस लागू गर्नुहोस् ।

· खोप लगाए पछि हल्का ज्वरो छ भने, तरल पदार्थहरू प्रशस्त मात्रामा पिउनुहोस् र आराम गर्नुहोस् ।

· खोप लगाए पछि ज्वरो वा मांसपेशी दुख्ने जस्ता असहज हुन्छ भने, ज्वरोको औषधि. दुखाई कम गर्ने औषधि

(पेनकिलर) खानुहोस् यसले सहयोग गर्दछ ।

* खोप लगाउनु भन्दा पहिला एसिटामिनोफेन आधारित एन्टिपायरेटिक र ज्वरोको औषधि. दुखाई कम गर्ने औषधि तयारी गर्नुहोस् , खोप लगाए पछि शरीर दुख्ने लक्षणहरू छ भने ज्वरोको औषधि, दुखाई कम गर्ने औषधि

खानुहोस्

## यस्तो अवस्थामा, डाक्टरसँग उपचार लिनुहोस् ।

· खोप लगाए पछि खोप लगाएको भागमा सुन्निएको, दुखाई र रातो ४८ घण्टा पछि पनि सुधार नभएमा

· खोप लगाए पछि ४ हप्ता भित्र सासमा समस्या, छातीको समस्या, लगातार पेट दुख्ने, खुटा सुन्निने जस्ता लक्षणहरू देखा परेमा

· खोप लगाए पछि गम्भीर अवस्था र २ दिन भन्दा बढि लगातार टाउको दुख्ने समस्या भएमा, दुखाई कम गर्ने औषधिले प्रतिक्रिया नदिएमा नियन्त्रण नहुने वा दृष्टि धमिलो हुने भएमा

· खोप लगाए पछि अचानक ऊर्जा कम भएमा सामान्य भन्दा अन्य लक्षण देखा परेमा

· खोप लगाए पछि खोप लगाएको भाग भन्दा अन्य ठाउँमा निल वा चोटपटक देखा परेमा

## यो अवस्थामा, ११९ मा रिपोर्ट गर्नुहोस् वा आपतकालिन कक्षमा जानुहोस्

· खोप लगाए पछि सास फेर्न गाह्रो भएमा वा गम्भीर चक्कर लागेमा

· खोप लगाए पछि ओठ, अनुहार सुन्निएमा शरीरमा गम्भीर फोकाका लक्षणहरू देखा परेमा

· खोप लगाए पछि अचानक बेहोश हुने वा ढल्ने अवस्थामा

**< यो अनुवाद दानूरी कल सेन्टर १५७७ –१३६६ द्वारा गरिएको हो । >**